नेपाल सरकार
ऊर्जा मन्त्रालय
२०६६

ऊर्जा मन्त्रालय

## प्रेस विज्ञप्ती

सन २०१४ मा सम्पन्न नेपाल भारत विद्युत व्यापार सम्झौताको दफा ५ मा व्यवस्था भएअनुसार उक्त सम्झौताको कार्यान्वयन पक्षलाई सहजीकरण र यस सम्बन्धमा हुने प्रगतिको अनुगमन गर्न गठित सहसचिवस्तरीय एवम् सचिवस्तरीय समितिहरुको तेस्रो बैठक २०७३ साल असार १३-१४ गते नयाँ दिल्लीमा सम्पन्न भएको छ। सचिवस्तरीय Joint Steering Committee को बैठक नेपाल सरकारको ऊर्जा मन्त्रालयका सचिव श्री सुमन प्रसाद शर्मा तथा भारत सरकारको विद्युत मन्त्रालयका सचिव श्री प्रदिप कुमार पुजारीको सहअध्यक्षतामा असार १४ गते सम्पन्न भयो। उक्त बैठकले असार १३ गते सम्पन्न भएको Joint Working Group को बैठकले गरेका निर्णयहरु अनुमोदन गर्दै यी संयन्त्र तथा अन्तर्गतका अन्य प्राविधिक समितिहरुलाई थप क्रियाशील बनाई यस क्षेत्रमा भएको द्विपक्षीय सहयोगलाई गति दिने आवश्यक्तामा जोड दियो।

बैठकले प्राविधिक समितिबाट तयार भएको अन्तर्देशीय प्रसारण योजनाको अध्ययन प्रतिवेदनको निष्कर्ष अनुसार छनौट भएको दोस्रो अन्तर्देशीय नयाँ बुटवल-गोरखपुर ४०० किलोभोल्ट प्रसारण लाईनको संयुक्त विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने निर्णय गर्‍यो। साथै आआफ्नो राष्ट्रको भुभागमा पर्ने यस प्रसारण लाईनको निर्माण सम्बन्धित राष्ट्रलेनै गर्ने विषयमा अगाडी बढ्ने सहमति भयो।

ढल्केबर मुजफ्फरपुर अन्तर्देशीय प्रसारण लाईनबाट करीब ८० मेगावाट परिमाणको विद्युत आयात भैरहेकोमा सो लाई निरन्तरता दिने विषयमा उक्त बैठकमा विस्तृत रुपमा छलफल भयो। आगामी जाडोयामलाई मध्यनजर गर्दै उक्त हाल आयात भैरहेको विद्युत परिमाणलाई निरन्तरता दिने तथा प्रसारणलाईनको क्षमता अनुसार विद्युत आयातको परिमाण बढाउने सहमति उक्त बैठकमा भयो।

बैठकले भारत सरकारको अनुदानमा निर्माणाधीन कटैया कुशाहा एवम् रक्सौल परवानीपुर १३२ के.भि. प्रसारण लाईनहरुबाट १०० मेगावाट परिमाणमा विद्युत आयात गर्ने गरी उक्त लाईनहरुलाई आगामी २०१६ नोभेम्बर महिना भित्रमा संचालन गर्न हरसम्भव प्रयास गर्ने आवश्यकतामा समेत जोड दियो।

आयोजना विकास सम्झौता अन्तर्गत विकास भैरहेको अरुण तेस्रो तथा माथिल्लो कर्णाली जलविद्युत आयोजनहरुको प्रगति सम्बन्धमा यस बैठकले जानकारी लियो।

खुला बजारको अवधारणामा छिमेकी देशहरुसँग विद्युत व्यापार गर्ने प्रयोजनका लागि भारत सरकारबाट तयार भईरहेको नीतिगत लाई अन्तिम रुप दिने कार्य भैरहेकोले उक्त व्यवस्था लागु भएपश्चात नेपालमा उत्पादन हुने विद्युतलाई भारतमा निकासी गर्ने विषय सहज हुने सम्बन्धमा समेत बैठकमा छलफल भयो।

२०७३/३/१६

दिनेश कुमार घिमिरे
सहसचिव तथा प्रवक्ता
ऊर्जा मन्त्रालय